निहार आर. नायक । सन् २०१४ । *स्ट्राटेजिक हिमालयाजः रिपब्लिकन नेपाल एण्ड एक्स्टर्नल पावर्स* । नयाँ दिल्ली : पेन्टागन प्रेस र इन्स्टिच्यूट फर डिफेन्स स्टडिज एण्ड एनालाइसिस् ।

नेपाल बाहिरी शक्तिहरूको चेसको गोटी मात्र हो भन्ने भनाइ हाम्रो जनमानसमा नौलो होइन । नेपालको आर्थिक पछौटेपन तथा राजनीतिक अस्थिरतामा कुनै न कुनै रूपमा विदेशी शक्तिहरूकै हात छ भन्ने खालका टिप्पणीहरू धेरै सुन्न पाइन्छ ।[४] तर यस्ता दाबीलाई प्रामाणिक रूपमा पेश गर्न सक्ने लेख तथा पुस्तकहरू कमै पढ्न पाइन्छन् । यस्तो अवस्थालाई केही मात्रामा चिर्दै, निहार आर. नायक *स्ट्राटेजिक हिमालयाज : रिपब्लिक नेपाल एण्ड एक्स्टर्नल पावर्स*मार्फत पाठक समक्ष नेपालमा विदेशी शक्तिको प्रभावको लेखाजोखा दर्शाउन प्रस्तुत भएका छन् ।

नायक भारत सरकारद्वारा संरक्षित विशेषज्ञ समूह (थिंक ट्यांक) आईडीएसए (इन्स्टिच्यूट फर डिफेन्स स्टडिज एण्ड एनालाइसिस्) को नयाँ दिल्लीस्थित कार्यालयमा कार्यरत छन् । उनका प्राज्ञिक जर्नलका आलेखहरूमा नेपालसम्बन्धी थुप्रै विषयहरू समावेश

[४] यो पुस्तक समीक्षा *स्टडीज इन नेपाली हिस्ट्री एण्ड सोसाइटी* जर्नलको वर्ष २१ अंक २ (सन् २०१६ : ४२०–४२५) मा अंग्रेजी भाषामा प्रकाशन भएको थियो । यो लेखकको आफ्नै अनुवाद हो ।

छन् । यसै गरी आईडीएसएको वेबसाइटले उनलाई “नेपाल, भुटान, उग्रवामपन्थ/ माओवादी द्वन्द्व तथा दक्षिण एसियाको सुरक्षाका जानकार” का रूपमा चित्रित गरेको छ । यस पुस्तकको सह-प्रकाशक पनि आईडीएसए नै हो, जसले आफूलाई एक “निष्पक्ष तथा स्वतन्त्र संस्था” को रूपमा पेश गर्न रुचाउँछ । यसकारण यो पुस्तकले आफ्नो संस्था तथा भारत सरकारको विचार दर्शाउँदैन भनेर पनि आईडीएसएले प्रस्ट्याएको छ । उक्त दाबी हुँदा हुँदै पनि पुस्तकले कुनै न कुनै रूपमा भारतीय नीति निर्माताले नेपाल तथा नेपालमा चासो राख्ने अन्य विदेशी शक्तिलाई कुन रूपमा आकलन गर्दा रहेछन् भन्नेतिर संकेत भने गर्छ ।

पछाडिका अध्यायहरूमा के कस्ता विषयहरू छन् भन्ने जानकारी पहिलो अध्यायमा समेटिएको छ । दोस्रो अध्यायमा विशेष गरी राणा शासनपछिको नेपाली परराष्ट्र नीतिका बारेमा चर्चा गरिएको छ । उक्त अध्यायमा तत्कालीन राजा महेन्द्रको सन् १९५५ पश्चात्को भारतीय प्रभाव कम गर्न लिएको परराष्ट्र नीतिलाई दर्शाइएको छ । यसका साथै, नेपाली परराष्ट्र नीति आजको तुलनामा एकताका बलियो भएको समयमा कसरी एनएएम (नन-एलाइन्ड मोभमेन्ट) तथा एलएलडिसी (ल्याण्ड लक्ड डेभलपिंग कन्ट्रिज) जस्ता बहुदेशीय फोरमहरूमा आफ्नो छाप छोड्न सकेको थियो भन्ने प्रसंगहरू उक्त अध्यायमा पढ्न पाइन्छ । अध्यायको अन्तिममा माओवादी युद्धपछि नेपालमा विदेशी शक्तिकेन्द्रहरूको सक्रियता कसरी बढेको छ भन्ने विषयलाई दर्शाइएको छ ।

तेस्रो अध्याय सन् १९५० ताकाको नेहरुको चर्चित भनाइबाट शुरू हुन्छ । उनको नजरमा हिमालय शृंखलाले परापूर्वकालदेखि भारतको अस्तित्व जोगाउने काम गऱ्यो । यसकारण उत्तरतिरबाट हिमालको दक्षिणतिर कुनै शक्ति छिर्न खोजेको खण्डमा भारतले सहन नगर्ने विचार नेहरुले व्यक्त गरेका थिए । साथै, यस अध्यायको शीर्षक झैँ, भारतको नेपाल नीति नेपाललाई आफ्नो प्रभाव-क्षेत्र (स्फेयर अफ् इन्फ्लुयन्स) बनाइराख्ने नियतबाट प्रेरित भएको देखिन्छ । मधेश मामिलाको सम्बन्धमा यस अध्यायमा नेपालको संघीयतामा भारतको समर्थन रहेको स्वीकारोक्ति देखिन्छ । साथै, मधेशी जनताको भारतसँग रहेको सम्बन्धको कारणले पहाडे जनमानसमा मधेशी जनताप्रति रहेको शंकालाई यस अध्यायमा उल्लेख गरिएको छ ।

चौथो अध्यायले चीनको नेपाल नीतिलाई चीन र भारतबीचको सम्बन्धसँग जोडेर हेरेको छ । साथै, चीनीयाँ नेपाल नीति चीनको समग्र परराष्ट्र नीतिसँग जोडिएको यस अध्यायले दाबी गर्दछ । स्मरणीय छ, देङ जियाओ पिङको “कम देखा परेर केही काम सल्टाउने” नीतिबाट चीन अब हु जिन्ताओको “बहुदेशीय परराष्ट्र नीति तथा छिमेकी राष्ट्रहरूसँग विशेष सम्बन्ध” मा घोषित रूपमै परिवर्तित भएको छ (पृ. ७६) । यसकारण नेपालमा चीनीयाँ लगानी तथा सामाजिक-सांस्कृतिक परियोजनाहरू बढ्नुलाई उसको

विश्वभर चुलिएको प्रभाव तथा समग्र परराष्ट्र नीतिसँग जोडेर हेर्न जरुरी छ। नेपाल चीनीयाँ विश्व परराष्ट्र नीतिमा कम महत्त्वभित्र पर्ने राष्ट्र त हो नै तर तिब्बतीहरूको सक्रियता तथा संयुक्त राज्य अमेरिकाको नेपालमा बढ्दै गरेको प्रभाव तथा भारतसँगको प्रतिद्वन्द्विताको कारण, चीनले नेपाललाई क्रमशः विशेष आँखाले हेर्न थालेको छ।

महाशक्ति राष्ट्र संयुक्त राज्य अमेरिकाको नेपालमा भएको प्रभावलाई पनि उपेक्षा गर्न मिल्दैन। अमेरिका सन् १९५० को दशकबाट नै नेपालमा चीनीयाँ कम्युनिष्ट प्रभाव रोक्न उद्यत थियो भन्ने तथ्य पाँचौँ अध्यायले दर्शाएको छ। तर जब अमेरिकाले सन् १९७० को दशकमा क्रमशः नजिक आउने (रेप्रोचमेन्ट) को नीति चीनसँग राख्यो, तबदेखि उसको नेपाललाई दिइने आर्थिक सहयोगमा ह्रास आउँदै गयो। त्यसपछि सेप्टेम्बर ११ पछि अमेरिकाको आतंकवादविरुद्धको अभियानको तारोमा नेपाली माओवादी पनि पर्न गए। यस अध्यायअनुसार, अमेरिकाले माओवादी तथा तत्कालीन सरकारको सन् २००३ मा भएको वार्ताको विरोध गरेको थियो। त्यसै गरी अमेरिका सन् २००५ को ऐतिहासिक १२ बुँदे सम्झौताको पनि विरुद्धमा थियो। सन् २००६ पछि चाहिँ अमेरिकाले नेपालका सामाजिक परियोजनाहरूमा लगानी बढाउँदै लगेको छ। सन् २०१२ मा नेपाली माओवादीलाई आफ्नो आतंकवादीको सूचीबाट हटायो।

संयुक्त राज्य अमेरिका जस्तै अरू पश्चिमा राष्ट्रहरू पनि नेपालमा सक्रिय छन्। जब सन् १९७० को दशकमा अमेरिकी आर्थिक सहयोगमा कटौती भयो तबदेखि युरोपेली संघ (ईयू) तथा यसका मुख्य सदस्य राष्ट्रहरू (संयुक्त अधिराज्य बेलायत, जर्मनी, नर्वे र स्वीट्जरल्याण्ड) ले नेपालमा आफ्नो आर्थिक सहयोग र राजनीतिक प्रभाव बढाएको व्यहोरा यस अध्यायमा लेखिएको छ। यसै गरी, जब माओवादी युद्धसम्बन्धी प्रतिक्रिया जनाउने समय आयो, त्यस बेला युरोपीय संघभित्र एकरूपता देखिएन। नर्डिक राष्ट्रहरूले नेपाली द्वन्द्वको संरचनात्मक कारणहरूलाई प्रमुखता दिए भने बेलायतले अमेरिकी नीतिअनुसार माओवादीलाई आतंककारी नै देख्यो। शान्ति वार्तापछि भने युरोपेली संघअन्तर्गतका राष्ट्रहरूले "प्राविधिक तथा आर्थिक सहयोग" मार्फत नेपालको शान्ति प्रक्रियालाई सहयोग गरे (पृ. १३९)। यसका साथै, युरोपेली संघको आर्थिक सहयोगद्वारा जनजाति संगठनहरूलाई आफ्ना राजनीतिक तथा सामाजिक कार्यमा सहायता पुगेको तथ्य पनि नायकले उजागर गरेका छन्।

यस समालोचकलाई अचम्मित पार्दै सातौँ अध्यायले पाकिस्तानलाई पनि नेपालभित्रको एक प्रभावशाली वैदेशिक शक्तिको रूपमा हेरेको छ। सन् १९५० को दशकदेखि नै दुवै राष्ट्रका शासक वर्गको एउटै विरोधी मत देखिएको छ, भारतका विरुद्ध पाकिस्तानले नेपालसँग मित्रवत व्यवहार गर्दैआएको हो। यस अध्यायका अनुसार, तत्कालीन पाकिस्तानी प्रधानमन्त्री जुल्फिकर अलि भुट्टोले पाकिस्तान र नेपालको सम्बन्धलाई भारत

र अफगानिस्तानको सम्बन्धसँग तुलना पनि गरेका थिए । यसै गरी, वर्तमान परिस्थितिमा देखिएजस्तै भारत र पाकिस्तानबीच रहेको काश्मिरी समस्याले पूरै सार्क क्षेत्रमै प्रभाव पार्दै गएको तथ्य यस पुस्तकले उल्लेख गर्छ ।

अन्तिम अध्यायमा गैरक्षेत्रीय अन्तर्राष्ट्रिय शक्तिहरू जस्तै संयुक्त राज्य अमेरिका, युरोपेली संघ तथा केही हदसम्म चीनको नेपालमा बढ्दै गएको प्रभावलाई भारत र नेपाल बीचको तिक्तताको प्रमुख कारण मानिएको छ । साथै विदेशी शक्तिहरूको नेपाली राजनीतिमा आ-आफ्नै स्वार्थ र अडान हुनुले नेपाली शक्तिहरूले लामो समयसम्म संविधानलाई पूर्णता दिन सकेनन् । यस पुस्तकले अन्त्यतिर नेपाललाई "भारत र चीनका सुरक्षा चासोमा ध्यान दिदै" आफ्ना छिमेकीका आर्थिक उदयबाट फाइदा लिनुपर्ने" (पृ. १८२) सुझाव दिएको छ ।

नेपाल तथा अन्तर्राष्ट्रिय शक्तिहरूका अन्तरसम्बन्धका बारेमा विस्तृत रूपमा प्राथमिक र द्वितीय स्रोतको आधारमा अनुसन्धान गर्नु नै यस पुस्तकको खास उपलब्धि हो । औपचारिक दस्तावेजहरू र मिडियाका रिपोर्टहरू प्रयोग गर्दै लेखक नायकले थुप्रै नेपाली तथा भारतीय राजनीतिज्ञ र कर्मचारीहरूका अन्तर्वार्ता पनि लिएका छन् । पुस्तकको अन्तिमतिर आइपुग्दा नेपालमा वैदेशिक शक्तिका हस्तक्षेपका कथाहरू अतिसयोक्तिपूर्ण, अतिराष्ट्रवादी गफ नभई त्यसमा सत्य तथ्य पनि भरपूर मात्रामा रहेको एक नेपाली पाठकलाई लाग्नेछ ।

तथापि यस पुस्तकका लेखकका पूर्वाग्रहहरू कतै उनी कार्यरत भारत सरकारद्वारा संरक्षित आइडीएसएबाटै आएका त होइनन् भन्ने प्रश्न पाठकको मनमा उठ्न सक्छ । लेखकका कतिपय यस्ता भारत सरकारपरस्त दाबीहरू छन् जसले यस पुस्तकको प्राज्ञिक ओजनलाई राम्ररी नै घटाएका छन् । उदाहरणका लागि सन् १९५५ बाट तत्कालीन राजा महेन्द्रको भारतीय प्रभावलाई घटाउने नीति नेपाली सार्वभौमिकतालाई बचाउनेभन्दा पनि आफ्नो राज्यसत्ता कायम गर्न थियो भनेर लेखक ठोकुवा नै गर्दछन् । किताबभरि कुनै प्रामाणिक तथ्यविना यस्ता दाबीहरूलाई लेखकले ठाउँ दिएका छन् ।

त्यस्तै राजा वीरेन्द्रको नेपाललाई "शान्ति क्षेत्र" बनाइने घोषणालाई ७० ओटा देशले समर्थन गरे तर भारतले गरेन । यस विषयमा नेपाल शान्ति क्षेत्र हुनाले "सन् १९५० को मैत्री सन्धिलाई कमजोर बनाउने छ" (पृ. २२) भन्ने दाबीबाहेक भारतका अन्य कारणहरूमा लेखक मौन छन् । त्यति मात्र होइन लेखकले सन् १९८९ को भारतीय नाकाबन्दीलाई अन्तर्राष्ट्रिय कानुनसम्मत थियो भन्ने जिकिर गरेका छन् । स्मरणीय छ, विभिन्न नेपाली विश्लेषकहरूले उक्त नाकाबन्दी अन्तर्राष्ट्रिय कानुनविरुद्ध थियो भन्ने विचार राख्छन् । यस सम्बन्धमा लेखक फेरि पनि मौन छन् । यस पुस्तकमा सन् १९५० को मैत्री सन्धि विरोधी नेपाली आवाजहरूलाई पनि समावेश गरिएको छ । तर ती आवाजलाई तार्किक नभनी अति राष्ट्रवादीको विशेषण पहिर्‍याइएको पनि छ । उदाहरणका लागि समाजशास्त्री चैतन्य मिश्र जस्ता विश्लेषकका सन् १९५० को मैत्री सन्धिको आलोचनामाथि लेखकको ध्यान

पुगेको देखिँदैन । मिश्रले उक्त सन्धिका धारा ६ र ७ ले कसरी नेपाली अर्थतन्त्रलाई भारत पराधीन बनाएका छन् भनेर प्रकाश पारेका छन् (मिश्र २०७० : २०१) ।

नेपाल-चीन तथा नेपाल-पाकिस्तानको सम्बन्धको चर्चा गर्दा लेखक अत्यन्त नकारात्मक देखिन्छन् । नायक लेख्छन्, "चीन आफ्ना छिमेकीहरू बीच प्रभुत्व जमाउने (हेजेमोनल) को रूपमा चिनिन्छ" (पृ. १०२) । कुन राष्ट्रले चीनलाई प्रभुत्व जमाउने राष्ट्रको रूपमा किन लिन्छ भन्ने प्रश्नको उत्तर भने लेखक दिँदैनन् । कारण नखुलाई छिमेकी राष्ट्र चीनलाई सरासर प्रभुत्व जमाउने राष्ट्रको पगरी भिराइनु यस समालोचकलाई चाहिँ उपयुक्त लागेन । यसै गरी नेपाली भूमिमा पाकिस्तानी क्रियाकलापलाई सीधै आतंकवादसँग जोडेका छन् लेखकले । यस सम्बन्धमा सन्दर्भ स्रोत धेरैजसो भारतीय मिडिया तथा केही भारतीय विज्ञलाई नै लिइएको छ । यदि सबै भारतीय स्रोत सही नै रहेछन् भने पनि त्यस्ता आतंकवादजन्य क्रियाकलापमा पाकिस्तान राज्यस्तरमै संलग्न छ भन्ने प्रमाणित हुँदैन । यद्यपि पुस्तकमा उल्लिखित सम्पूर्ण स्रोतहरू पूर्वाग्रही छन् भन्न मिल्दैन । उदाहरणका लागि नेपाल प्रहरी आफैले पनि पाकिस्तानी अनुसन्धान विभाग आइएसआइका अवाञ्छित क्रियाकलापहरूमाथि छापा मारेको प्रसंग पुस्तकमा उल्लेख छ ।

तथापि जुन रूपमा पुस्तकले पाकिस्तानको उग्र विरोध गर्दछ त्यो चाहिँ कुनै हिसाबमा पनि उपयुक्त देखिँदैन । त्यस्ता अनेक उदाहरण छन्, जब नामुद उग्र इस्लामिक आतंकवादी पाकिस्तानी नभई भारतीय नागरिक हुन्छन् । जस्तै, यासिम भट्काललाई भारतीय प्रहरीले भारतको रक्सौलमा गिरफ्तार गरे (सिंह र घिमिरे सन् २०१३) । उनीमाथि आतंकवादलाई प्रोत्साहन दिने कार्य गरेर नेपाली मदरसाबाट फर्किंदै गरेको आरोप थियो । यस्ता परिस्थितिमा पुस्तकमा उल्लेख गरिएजस्तै भारतीय संस्थाहरू भारतीय "सुरक्षा चासो" बाट नेपाल बिमुख भएको आरोप लगाउन उद्धत हुन्छन् । तर सत्य के हो भने, यस्ता अन्तरदेशीय आतंकवादी क्रियाकलाप फाटफुट देखिए तापनि, यो प्रवृत्तिको निवारण दुवै देशको सहकार्यबाट मात्र हुन सक्छ ।

यस पुस्तकको निष्कर्षले भारतको नेपाल नीतिमा सुरक्षा चासो हावी भयो भनेर स्वीकार गर्दछ । यद्यपि "क्लासिकल रियालिस्ट" सोचमा झैँ लेखकले नेपालमा भारतीय चासोलाई दुई देशको आपसी हितभन्दा पनि भारत र चीनको सम्बन्धको आधारमा मूल्यांकन गरेका छन् । "भारतले चीनसँगको सिमानामा सुरक्षाका लागि भौतिक संरचनाहरू तयार गरिसकेको छ तर नेपालको चीनसँगको सिमाना तर्फबाट चाहिँ भारत असुरक्षित छ" (पृ. ४४) । अर्कोतर्फ यस पुस्तकले नेपाललाई उत्तर दक्षिण तिरबाट जोड्ने सडक, रसुवागढी-स्याफ्रुबेँसी-काठमाडौँ-वीरगञ्ज, नेपाल-चीन व्यापारका लागि अरनिको राजमार्गभन्दा अनुकूल हुने दृष्टिकोण राख्दछ । माथिका दुवै विचारहरूलाई एकैसाथ पढ्दा, भारतीय नीतिले नेपालको उत्तर दक्षिण विकासमा बाधा पुऱ्याउँदै आएको चिन्तातर्फ संकेत

गर्दछ । कुनै प्रामाणिकताविना लेखक नायकले लेखेका छन् "नेपाल...चीनको सम्भावित आक्रमकताविरुद्ध भारतसँग नजिक हुन चाहन्छ" (पृ. ४५) । जबकि अहिले नेपालमा एक ठूलो पक्षको मनोदशा भारत विरोधी भएको छ ।

समग्रमा लेखक नायकले नेपालसम्बन्धी थुप्रै भारतीय दृष्टिकोणहरूलाई यस पुस्तकमार्फत अगाडि सारेका छन् । यस पुस्तकले नौलो विचार चाहिँ केही पनि ल्याएको देखिँदैन तापनि अहिलेको सन्दर्भमा नयाँ दिल्लीका दृष्टिकोणहरू (आधिकारिक नै नभए पनि) नेपालसम्बन्धी चासो भएका जो कोहीलाई पनि महत्त्वपूर्ण लाग्नेछन् ।

## सन्दर्भ सामग्री

मिश्र, चैतन्य । २०७० । *पूँजीवाद र नेपाल* । तेस्रो संस्करण । काठमाडौँ : फिनिक्स बुक्स ।

Singh, Vijaita and Yubaraj Ghimire. 2013. Nepal Denies Link but Porous Border Made It a Haven for Tunda and Bhatkal. Available at: http://archive.indianexpress.com/news/nepal-denies-link-but-porous-border-made-it-a-haven-for-tunda-and-bhatkal/1161956/; accessed 22 October 2016.

**श्रेय पौडेल**
ललितपुर